# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७] काठमाडौं, चैत्र ४ गते २०२४ साल [अतिरिक्ताङ्क ३६

### श्री ५ को सरकार
### रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको शाही सैनिक, नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था ( पाँचौ संशोधन ) साधारण नियमहरू, २०२४ सर्वसाधारणका जानकारीका लागि प्रकाशित गरिएको छ ।

### शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (पाँचौ संशोधन) साधारण नियमहरू २०२४

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० (यस पछि "मूल नियम" भनिएको) लाई संशोधन गर्न वांछनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र दफा १६५ ले दिएको अधिकार तथा तत्सम्बन्धी अन्य सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (पाँचौ संशोधन) साधारण नियमहरू, २०२४ रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमहरूको नियम ३ को खण्ड (ग) मा प्रतिवन्धात्मक वाक्यांश थप:— मूलनियमहरूको नियम ३ को खण्ड (ग) पछि देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

तर "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अस्थायी रूपमा न्यूनतम योग्यताको स्तर घटाउन सक्नेछ" ।

आज्ञाले—
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना

शाही सैनिक नियुक्ति, प्रवोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० (संशोधनहरू सहित) को नियम ३ को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले म्याट्रिक वा सो सरह योग्यता पुगेको उम्मेदवारलाई लिन सक्ने गरी योग्यताको स्तर घटाएको छ ।

आज्ञाले—
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव ।

628

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।